# व्यवस्थापिका-संसद

अधिवेशन

## बैठक संख्या - १

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल पुस ४ गते आइतवार

---

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५१ को उपधारा (३) बमोजिम आव्हान भएको व्यवस्थापिका-संसदको अधिवेशनको पहिलो बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आव्हान सम्बन्धी निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> "नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५१ को उपधारा (३) बमोजिम व्यवस्थापिका-संसदका १८७ जना माननीय सदस्यहरुले व्यवस्थापिका-संसदको अधिवेशन बोलाई पाउँ भनि मिति २०६७।०८।२६ गतेका दिन लिखित समावेदन पेश गर्नुभएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५१ को उपधारा (३) बमोजिम सम्बत २०६७ साल पौष महिनाको चार गते आइतवारका दिन १३:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ वानेश्वरमा बस्नेगरी व्यवस्थापिका-संसदको अधिवेशन आव्हान गरेको छु ।"

मिति :- २०६७।८।२७

तत्पश्चात सम्माननीय सभामुखले व्यवस्थापिका-संसदको अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका सबै दलका मा० सदस्यहरुलाई हार्दिक स्वागत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रस्तावक मा० श्री पोष्टबहादुर बोगटीबाट "आठौं अधिवेशन अन्त्य गरिएपछि प्रधानमन्त्रीको निर्वाचन प्रक्रियाको निरन्तरता टुट्न गई सो प्रस्ताव अन्त्य भएको अवस्थामा नयाँ प्रधानमन्त्री चयनका लागि राष्ट्रिय सहमतिलाई प्राथमिकता दिंदै संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ बमोजिम प्रधानमन्त्री निर्वाचनको नयाँ प्रक्रियाको थालनी गरियोस्" भन्ने प्रस्ताव प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो । साथै उक्त प्रस्ताव प्रस्तुत गर्न र उक्त प्रस्ताव उपर छलफल गर्नको लागि यही २०६७ साल पुस ८ र ९ गतेका दिनहरु तोकेको व्यहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा भाग लिन दलीय पदाधिकारीहरुले आ-आफ्ना दलका वक्ता मा० सदस्यहरुको नाम २०६७ साल पुस ७ गते बुधवार विहान १०:०० बजे देखि ४:०० बजेसम्म कार्यव्यवस्था शाखा, व्यवस्थापिका-संसद सचिवालय, सिंहदरबारमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त प्रस्तावमाथि संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम २९ बमोजिम संशोधन पेश गर्न चाहनुहुने मा० सदस्यहरुले सोहि नियमावलीको नियम ३० को उपनियम (१) बमोजिम २०६७ साल पुस ७ गते बुधवार विहान १०:०० बजेदेखि ४:०० बजेसम्म कार्यव्यवस्था शाखा, व्यवस्थापिका-संसद सचिवालय, सिंहदरबारमा संशोधनको सूचना दिन सक्नु हुने व्यहोरा जानकारी गराउनु हुँदै उक्त संशोधनको सूचनाको फाराम व्यवस्थापिका-संसद सचिवालय कार्यव्यवस्था शाखाबाट प्राप्त हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६७ साल पुस ८ गते विहिवार दिनको १:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव

# व्यवस्थापिका-संसद
अधिवेशन
## बैठक संख्या - २
## सूचनापत्र-२
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६७ साल पुस ८ गते विहिवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा साँझ ६:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ एकीकृत ने.क.पा. माओवादीका मा० श्री नारायणकाजी श्रेष्ठले जटिल राजनीतिक परिवेशबीच शान्ति र संविधान निर्माण प्रक्रियाको प्रमुख हिस्सेदार एकीकृत ने.क.पा. माओवादीलाई एक्ल्याउने भन्दा राष्ट्रिय सहमतिका आधारमा मुलुकलाई राजनीतिक निकास दिनेतर्फ जिम्मेवार सबै पक्षको ध्यान जानुपर्नेमा जोड दिनुभयो । शान्तिप्रक्रियाको अभिन्न अंगका रुपमा रहेको संयुक्त राष्ट्रसंघिय राजनीतिक मिसन ( अनमिन) को म्याद आगामी जेठ १४ गतेसम्मका लागि थप्ने व्यवस्थाका लागि सरकार र सबै राजनीतिक दलसँग आग्रह पनि गर्नुभयो ।

त्यसपछि निम्नलिखित मा० सदस्यहरुले वैधानिक प्रक्रियालाई सक्रिय तुल्याउन, लोकतान्त्रिक मूल्य मान्यतालाई स्थापित गर्न र सरकारविहिनताको अवस्था अन्त्य गर्न अधिवेशनका लागि समावेदन गरिएको र अधिवेशन बोलाएकै कारण प्रमुख तीन राजनीतिक दलका बीचमा पुनः एकपटक सहमतिपत्रमा हस्ताक्षर गर्न बाध्य तुल्याएकोले अधिवेशनको औचित्य समेत पुष्टि भएको, व्यवस्थापिका-संसदको गरिमा बढाउन र मुलुकमा उत्तरदायी सरकार गठनका लागि तीव्रता दिन अधिवेशन आव्हानको लागि समावेदनमा समर्थन गरिएको भन्ने सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभयो ।

१. मा० श्री परि थापा
२. मा० श्री सरिता गिरी
३. मा० श्री यदुवंश झा
४. मा० श्री बुद्धरत्न मानन्धर
५. मा० श्री गायत्री साह

तदुपरान्त उक्त प्रस्तावका सम्बन्धमा नेपाल सरकारको तर्फबाट मा० संघिय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा सँस्कृति मन्त्री डा० मिनेन्द्रप्रसाद रिजालले आफ्नो भनाई राख्नुहुँदै अधिवेशनमा प्रस्तुत प्रस्ताव फिर्ता लिन एकीकृत ने.क.पा. माओवादी सहितका दललाई आग्रह गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट मिति २०६७।९।२ मा भएको फैसला तर्फ माननीय सदस्यहरुको ध्यानाकर्षण गराउदै देहाय बमोजिमको निर्देश गर्नुभयो ।

"निवेदक अधिवक्ता चन्द्रकान्त ज्ञवाली विपक्षी व्यवस्थापिका-संसद सचिवालय समेत भएको रिट न. २०६७ -**WS** - ००१० को उत्प्रेषणको निवेदनमा सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट मिति २०६७।९।२ मा भएको आदेशमा "विधायकहरु विभिन्न कारणले कानूनमा व्यवस्था भए बमोजिम शारिरीक रुपले अनुपस्थित रहन सक्छन् वा आफ्नो पार्टीको ह्वीप अनुसार प्रस्तावको विपक्षमा हुन्न भन्ने मत हाल्न सक्छन तर शारिरीक रुपले उपस्थित हुने तर मतदान हुँदा मत दिन्न भनी **Abstain** हुने अवस्था हाम्रो संविधानको धारा ३८ (२) र धारा ५५ लगायत संविधानको कुनै पनि धाराले परिकल्पना गरेको समेत देखिदैन । तसर्थ संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम १६३ को आधारमा धारा ३८ (२) अनुसार प्रधानमन्त्रीको निर्वाचन प्रक्रियामा संविधानसभा नियमावली, २०६५ पनि लागू हुने तर धारा ३८ (२) र धारा ५५ मा प्रस्तावमा मतदान हुँदा मत दिन्न भनी **Abstain** हुने व्यवस्था नै नभएको हुँदा संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को प्रयोजनको लागि सम्म संविधानसभा नियमावली, २०६५ को नियम ४१ र ४२ को विभिन्न उपनियमहरुमा रहेका तटस्थ रहन चाहने सदस्यहरुले मत दिन्न भन्ने शब्द संविधानको धारा ३८ (२) र धारा ५५ समेतको विपरित देखिएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (१) बमोजिम आजैका मिति देखि लागू हुने गरी अमान्य र बदर घोषित गरि दिएको छ ।" भन्ने घोषणा भएकोले अब उप्रान्त कुनै पनि किसिमको प्रस्ताव निर्णयार्थ पेश हुने व्यवस्थापिका-संसदको बैठकमा

माननीय सदस्यहरु संविधानसभा नियमावली, २०६५ को नियम १३२ बमोजिम अनुपस्थित हुनु पर्नाको अवधि र कारण उल्लेख गरी अग्रिम सूचना दिएर सभा वा सभामुखको स्वीकृति भएको अवस्थामा बाहेक अन्य अवस्थामा कुनै पनि माननीय सदस्य अनुपस्थित रहन वा मतदानमा मत दिन्न भनी तटस्थ रहन नपाउने निर्देश गर्दछु ।

व्यवस्थापिका-संसदमा प्रतिनिधित्व भएका सम्पूर्ण राजनीतिक दलका प्रमुख सचेतकहरुले यस निर्देशको जानकारी आ-आफ्ना दलका माननीय सदस्यहरुलाई गराउन हुन अनुरोध छ ।"

त्यसपछि सम्माननीय सभामुखले मा० श्री पोष्टबहादुर बोगटीलाई आफ्नो प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा मा० श्री पोष्टबहादुर बोगटीले सरकारको तर्फबाट प्रस्तुत भएको धारणामा नियमित अधिवेशन बोलाउने सम्बन्धमा स्पष्ट नभएको भन्नु भएपछि सम्माननीय सभामुखले मा० संघिय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा सँस्कृति मन्त्री डा० मिनेन्द्रप्रसाद रिजाललाई आफ्नो स्थानबाटै प्रष्ट पार्न अनुमति दिनुभयो ।

तदुपरान्त मा० संघिय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा सँस्कृति मन्त्री डा० मिनेन्द्रप्रसाद रिजालले मा० श्री पोष्टबहादुर बोगटीले उठाउनु भएको विषयमा सरकारको धारणाका सम्बन्धमा स्पष्ट पार्दै आज प्रमुख तीन राजनीतिक दलबीच भएको सम्झौतालाई सरकारले पूर्ण पालना गर्ने र व्यवस्थापिका-संसदको अधिवेशन अविलम्ब बोलाइनेछ भन्नुभयो ।

तत्पश्चात मा० श्री पोष्टबहादुर बोगटीले आज भएको सहमति बमोजिम नयाँ ढंगले अगाडि बढ्न "आठौं अधिवेशन अन्त्य गरिएपछि प्रधानमन्त्रीको निर्वाचन प्रक्रियाको निरन्तरता टुट्न गई सो प्रस्ताव अन्त्य भएको अवस्थामा नयाँ प्रधानमन्त्री चयनका लागि राष्ट्रिय सहमतिलाई प्राथमिकता दिंदै संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ बमोजिम प्रधानमन्त्री निर्वाचनको नयाँ प्रक्रियाको थालनी गरियोस्" भन्ने सम्बन्धी प्रस्ताव आफूले फिर्ता लिएको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० श्री पोष्टबहादुर बोगटीले पेश गर्नुभएको प्रस्ताव फिर्ता लिनु भएकोले उक्त प्रस्तावको प्रक्रिया अगाडि बढाइरहनु नपर्ने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले समापन मन्तव्य व्यक्त गर्दै समावेदन मार्फत यो अधिवेशनमा हामी उभिएका थियौं । दलहरुबीच भएको सहमतिले राम्रो सन्देश दिएको छ र दलहरुलाई सहमति र सम्वादबाट अगाडि जान राम्रो आधार हुने विश्वास व्यक्त गर्नुभयो र उहाँले दलहरुलाई सम्वाद र सहमतिबाटै अगाडि बढ्न शुभकामना पनि दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट अधिवेशन अन्त्य सम्बन्धी प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

"नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५१ को उपधारा (३) बमोजिम बोलाइएको व्यवस्थापिका-संसदको चालू अधिवेशन सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा सोही संविधानको धारा ५१ को उपधारा (२) बमोजिम सम्वत् २०६७ साल पौष ८ गते विहिवारका दिन २१:०० बजेदेखि अन्त गरेको छु ।"

मिति :- सम्वत् २०६७ पुष ८ गते

तदनन्तर व्यवस्थापिका-संसदको चालु अधिवेशन आजै वेलुकी २१:०० बजेबाट स्वतः अन्त हुने गरी अन्त भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको महासचिव